त्रिभुवन विश्वविद्यालय

Tribhuvan University

इञ्जिनियरिङ्ग अध्ययन संस्थान

Institute of Engineering

# Bulletin

GPO Box 1915, Pulchowk Lalitpur, Ph: 977-1-5521531, Fax: 5525830, www.ioe.edu.np, bulletin@ioe.edu.np

*२०८० चैत्र महिनाको बुलेटिन, प्रकाशन मितिः २०८१-०१-१७ (Apr 29, 2024), बर्ष २८ अंक १०, पुल्चोक, ललितपुर।*


## नयाँ वर्ष २०८१ को हार्दिक शुभकामना



**नयाँ वर्ष २०८१ को शुभ-उपलक्ष्यमा सम्पूर्ण शिक्षक, कर्मचारी तथा विद्यार्थी वर्गमा सुस्वास्थ्य, दिर्घायु एवं प्रगतिको हार्दिक मंगलमय शुभकामना ।**

**इ. अ. सं. बुलेटिन प्रकाशन समिति ।**

## त्रि. वि. का नव-नियुक्त उपकुलपति, रेक्टर, रजिष्ट्रारज्यूहरूसंग इ.अ.सं. मा अन्तरकृया कार्यक्रम सम्पन्न

त्रि. वि. का उपकुलपति प्रा. डा. केशरजंग बरालज्यू सहित नव-नियुक्त रेक्टर प्रा. डा. खड्ग केसीज्यू र नव-नियुक्त रजिष्ट्रार प्रा. डा. केदार प्रसाद रिजालज्यूलाई इ. अ. सं. ले स्वागत गर्दै इ. अ. सं. को इतिहास र हालको अवस्थाको बारेमा डीन प्रा डा शशीधर राम जोशीज्यूले प्रस्तुतिकरण मार्फत् जानकारी गराउनु भयो ।



उक्त अन्तरकृया कार्यक्रममा इ. अ. सं. का सहायक डीनहरू, विभिन्न केन्द्रका निर्देशकहरू सहित पुल्चोक क्याम्पस र थापाथली क्याम्पसका क्याम्पस प्रमुखज्यूहरू, सञ्चार तथा सूचना प्रविधि केन्द्र, इ. अ. स. परामर्श शाखाको प्रमुख, प्रसाशन प्रमुख र आर्थीक प्रमुखको उपस्थिति थियो । कार्यक्रममा डीन प्रा. डा. शशिधर राम जोशीज्यूले प्रस्तुतिकरण मार्फत नव-नयुक्त उपकुलपति, रेक्टर र रजिष्ट्रारज्यूहरूलाई इ. अ. सं. को ऐतिहासिक र हालको अवस्थाको जानकारी गराउदै प्राविधिक शिक्षामा आजको आवश्यकता, इ. अ. सं. को समस्या, चुनौती र अवसरका बारेमा जानकारी गराउनु भयो । ३ बर्षे ओभरसियर कार्यक्रमबाट शुरु गरेको इ. अ. सं. ले हाल विभिन्न इन्जिनियरिङ् विधामा स्नातक, स्नातकोत्तर, र विद्यावारिधि कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको, विगत लामो समयदेखि क्यालेण्डर अनुसार कक्षाहरू सञ्चालन र परीक्षा सञ्चालनसहित नतिजाहरू समयमै प्रकाशन गर्दै आएको, देशको माग र संसारको शिक्षाको अवस्थालाई मध्यनजर गर्दै नयाँ-नयाँ कार्यक्रमहरू सञ्चालन गर्दै आएको, हालको पाठ्क्रम पूर्णरुपमा परिमार्जन गरी बर्ष २०८० देखि नयाँ पाठ्क्रम लागु गरिएको जसमा नतिजाको प्रकारमा परिवर्तन गरी ग्रेडिङ प्रणालीमा गएको, बिद्यार्थीहरूलाई पाठ्यक्रममै इन्टर्नसिपको व्यवस्था गरिएको आदि विषयहरू इ. अ. सं. को सवल पक्षहरू हुँदा-हुँदै पनि थप नयाँ कार्यक्रमहरूमा शिक्षक दरबन्दीको अभाव हुनु, ओभरसियर कार्यक्रम सञ्चालन गर्दाको दरबन्दीहरू हालसम्म पनि समायोजन नहुनु, अनुसन्धानमा लगानीको अभावले अपेक्षाकृत प्रगति नहुनु, आर्थिक स्रोत घट्दै जाँदा र कार्यक्रम सहित बिद्यार्थी संख्या बढ्दै जाँदा प्राविधिक तथा भौतिक संरचनाहरू निर्माण गर्न साथै प्रयोगशालाहरू समयानुसार सुधार गर्न नसक्नु आदि इ. अ. सं. का मुख्य समस्या र चुनौतीहरू रहेको बारेमा उक्त स्वागत कार्यक्रममा छलफल भयो ।

# नियुक्ति/सरुवा/बढुवा/राजीनामा/अवकाश

त्रि. वि. इ. अ. सं. अन्तर्गतका विभिन्न निकायहरूमा त्रि. वि. तथा इ. अ. सं. को निर्णयबमोजिम २०८० चैत्र महिनामा भए गरेका नियुक्ति, सरुवा, वढुवा, अवकाश सम्वन्धी विवरणहरूः

| सि.नं. | नाम | विवरण | पत्रको मिति | कैफियत |
|---|---|---|---|---|
| १ | श्री राम बहादुर तामाङ्ग | त्रि.वि.इ.अ.सं.पश्चिमाञ्चल क्याम्पसको प्राविधिक सहायक प्लम्वर श्री राम बहादुर तामाङ्गले मिति २०८०।१२।०१ गते देखि लागु हुने गरी राजीनामा दिनु भएको राजिनामा स्वीकृत भएको। | २०८०।१०।१५ | पश्चिमाञ्चल क्याम्पसको च.नं.३१७।२०८०।२०८१ को पत्रानुसार। |
| २ | श्री राजेन्द्र कुमार नेपाल | त्रि.वि.इ.अ.सं.डीन कार्यालय, परिक्षा नियन्त्रण महाशाखाको मुख्य कार्यालय सहायक (भण्डारपाल) श्री राजेन्द्र कुमार नेपाल मिति २०८०।१२।१५ देखि त्रि.बि. सेवाबाट अनिवार्य अवकाश हुनु भएको । | २०८०।०७।१९ | कर्मचारी प्रशासन महाशाखाको च.नं ११७२।०८०।०८१ |
| ३ | श्री जीवन कुमार बस्नेत | त्रि.वि.कर्मचारी प्रशासन महाशाखाको च. नं. ५६८५।०८०।०८१मिति २०८०।११।२९ को पत्रानुसार त्रि.वि.नेपाली क्न्द्रिय विभाग, कीर्तिपुर मुख्य लेखा सहायक श्री जीवन कुमार बस्नेत त्रि.बि..इ.अ.सं.डीनको कार्यालयमा काज सरुवा भई आउनु भएको । | २०८०।११।२९ | कर्मचारी प्रशासन महाशाखाको च.नं ५६८५।०८०।०८१ |
| ४ | श्री अंकु जयसवालय | त्रि.बि.इ.अ.सं. पुल्चोक क्याम्पस अन्तर्गत इलेक्ट्रोनिकक्स तथा कम्प्युटर विभाग अन्तर्गत सञ्चालित कम्प्युटर इन्जिनियरिङ्ग विषयको शिक्षण समितिको अध्यक्ष पदमा मिति २०८०।१२।०९ गते देखि दुई वर्षको लागि नियुक्त गरिएको। | २०८०।१२।०९ | त्रि.वि.इ.अ.सं. पुल्चोक क्याम्पस च.नं. २०४१।२०७९।२०८० को पत्रानुसार। |
| ५ | डा.गणेश गौतम | त्रि.बि.इ.अ.स. पुल्चोक क्याम्पसको एम. एस्सी. छात्रावास सुपरिवेक्षक पदमा मिति २०८०।१२।२० गते देखि दुई वर्षको लागि नियुक्त गरिएको। | २०८०।१२।२० | त्रि.वि.इ.अ.सं. पुल्चोक क्याम्पस च.नं. २१२०।२०७९।२०८० को पत्रानुसार। |
| ६ | श्री लोकनाथ रेग्मी | त्रि.बि.इ.अ.सं. पुल्चोक क्याम्पस पुल्चोकको इलेक्ट्रोनिक्स तथा कम्प्युटर ईन्जिनियरिङ्ग विभागका उप प्राध्यापक श्री लोकनाथ रेग्मीको "Chiba University Japan" मा विद्यावारिधि (Ph.D) | २०८०।१२।३० | डी.का.क.प्र.फा.नं. १६८९।२०८०।२०८१को पत्रानुसार। |

| | | | | |
|---|---|---|---|---|
| | | अध्ययन गर्न मिति २०८०।१२।१० गते देखि १ वर्षको लागि अध्ययन बिदा स्वीकृति भएको । | | |
| ७ | श्री रेना थापा | त्रि.बि.इ.अ.सं. पुल्चोक क्याम्पस, पुल्चोकको एप्लाईड साईन्स एण्ड केमिकल इन्जिनियरिङ्ग विभागका उप-प्राध्यापक श्री रेना थापाको त्रिभुवन विश्वविद्यालय अंग्रेजी केन्द्रिय विभाग किर्तिपुरमा बिद्यावारिधि (Ph.D) अध्ययन गर्न मिति २०८१।०१।१६ गतेदेखि १ वर्षको लागि अध्ययन बिदा स्वीकृति भएको । | २०८०।१२।३० | डी.का.क.प्र.फा.नं. १६८८।२०८०।२०८१को पत्रानुसार। |
| ८ | डा. पुष्कर राज पोखरेल | त्रि.बि.इ.अ.स. पुल्चोक क्याम्पस पुल्चोकको सहायक क्याम्पस प्रमुख (प्रशासन)पदमा मिति २०८१।०१।०४ गते देखि लागु हुने गरि २ बर्षको लागि नियुक्त गरिएको। | २०८१।०१।०४ | इ.अ.स.डीन कार्यालयको मिति २०८०/१२/३० को निर्णयानुसार |


## *बुलेटिन प्रकाशन परिवार*

प्रा. डा. शशीधर राम जोशी — संरक्षक
प्रा. डा. सुशील बहादुर बज्राचार्य — सल्लाहकार
प्रा. डा. विनोद कुमार भट्टराई — सल्लाहकार
सह प्रा. डा. सुरज लामिछाने — सल्लाहकार
प्रा. डा. चिन्तामणी पोखरेल — संयोजक
उप-प्रा. डा. बाबुराम दवाडी — सदस्य (सम्पादक)
विदुर ढकाल — सदस्य
न्हुँछेनारायण श्रेष्ठ — सदस्य
पूर्ण प्रसाद गौतम — सदस्य सचिव


**इ. अ. सं. का सवै क्याम्पस, सम्वन्धन प्राप्त कलेज, अनुशन्धान/परामर्श केन्द्र, शाखा/महाशाखाहरूलाई अनुरोध !**

इ. अ. सं. का सबै क्याम्पस, सम्वन्धनप्राप्त कलेजहरू, सम्वन्धित विभागहरू, अनुसन्धान/परामर्शसेवा केन्द्रहरू, शाखा/महाशाखाहरू आदिले संस्था र सार्वजनिक सरोकारसँग सम्वन्धित गतिविधिहरू प्रत्येक महिनाको २६ गते भित्र इ. अ. सं. को इ-मेल bulletin@ioe.edu.np मा पठाई सहयोग गर्नुहुन बुलेटिन प्रकाशन समिति हार्दिक अनुरोध गर्दछ। साथै बुलेटिन प्रकाशन सम्वन्धमा कुनै Feedback/Comments र सुझावहरू भएमा सो समेत पठाउन अनुरोध गरिन्छ।

**इ. अ. सं. बुलेटिन प्रकाशन समिति**